आज मिति २०७७ साल माघ २२ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर वस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मानबहादुर ठाडा, लेखा अधिकृत
श्री गजेन्द्रकुमार जिसी, शा.अ.
श्री सिता कुमारी खत्री, प्र.अ.
श्री कुल बहादुर खड्का, ना.सु
श्री डिकेन्द्र पौडेल, अमीन.

Scanned with CamScanner

**प्रस्ताव नं. १ : सिफारिस सम्बन्धमा ।**

निर्णय नं. १ : यस नगरपालिकाका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको अन्यन्त्र पालिकामा रहेको अव्यवस्थित जग्गाको हकमा आवश्यक पर्ने सिफारिस प्रदान गर्ने कार्यका लागि वडा कार्यालयहरुलाई सिफारिस प्रदान गर्नका लागि अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : आवश्यक व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. २ : यस नगरपालिकाको फोहोर व्यवस्थापनका लागि यस अघि छिन्चु खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामार्फत कार्य संचालन गरिएकोमा विविध कारणबाट उक्त संस्थासँगको सम्झौता भंग गरी उक्त कार्यमा संलग्न कर्मचारीहरुको पारिश्रमीक तथा सेवा सुविधा भुक्तानीका लागि वडा नं. १२ ले सिफारिस गरि पठाएको मितिदेखि लागू हुने गरी सम्झौता गरी अर्को व्यवस्था नभएसम्मका लागि आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : विविध निर्णय सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्ने कार्य स्वीकृत भई फागुन मसान्तसम्म डिपिआर गरिसक्नुपर्ने भएको हुँदा उक्त कार्यको प्रक्रिया अगाडी बढाई सो को रकम निकासा गरी दिन सम्बन्धित निकायमा अनुरोध गर्ने र वडा नं. ११ स्थित औद्योगिक ग्राम निर्माण गर्ने कार्य अन्तिम टुंगो लागिसकेको हुँदा सो को डिपिआर गर्ने कार्य फागुन मसान्तसम्म तोकिएको हुँदा उक्त कार्य तत्काल कार्यक्रमगत छुट्टाछुट्टै रुपमा छिटो प्रक्रियाबाट अगाडि बढाई कार्यसम्पन्न गर्ने निर्णय गरियो । उक्त कार्यका लागि आवश्यक पर्ने रकम मौजुदा शिर्षकबाट खर्च गर्ने । स्वास्थ्य चौकी छिन्चुको DPR मा लाग्ने रकम स्वास्थ्य मन्त्रालयमा माग गर्ने र औद्योगिक ग्रामको DPR को रकम केन्द्रबाट प्राप्त हुने नहुने सुनिश्चितता गरी कार्यालयमा भएको रकमबाट भुक्तानी दिने । सो भुक्तानीका समर्थनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो । साथै वडा न. १० र १२ मा निर्माण गर्ने कृषि बहुउद्धेश्यीय भवन, औद्योगिक ग्राम र स्वास्थ्य चौकीको IEE र डिपिआर गर्न आवश्यक पर्ने रकम समेत कार्यालयमा रहेको बचत शिर्षकबाट मिलान गर्ने गरी कार्यअघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाको विपद् व्यवस्थापन समितिको २०७६/०४/०१ गतेदेखि भुक्तानी दिन बाँकी वैठक भत्ता वैठकमा उपस्थित पदाधिकारीलाई भुक्तानी दिन बाँकी १८ नं. फारममा जनिएको रकम भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner